गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर (रु. १,००० ) बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैक गोकुलगंगा शाखा कार्यालय रस्नालु, रामेछापमा रहेको यस कार्यालयको नाममा रहेको गोकुलगंगा गाउँपालिका आन्तरिक राजश्व खाता नं. ०३६१५२५१९६६ मा नगद जम्मा गरेको नगदी भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिन (२०८०/०५/१८) को कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको प्रशासन शाखा वा यस कार्यालयको बैक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैकमा रहेको धरौटी खाता नं. ०३६१५०३१६१० मा जम्मा गरी सोको सक्कल बैक भौचर वा नेपाल राष्ट्रबैकबाट ईजाजत पत्र प्राप्त "क" बर्गको बैकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन(२०८०/०५/१९) दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन (२०८०/०५/१९) को २:०० बजे पछि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदातावा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २४ औं दिन (२०८०/०५/१९) दिनको २:०० बजे गोकुलगंगा गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन र सोही समयलाई मानिने छ ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र कबोल अंकको रकम अनिवार्य बुझाउनुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोबस्त गरिनेछ । यस स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१०.यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन वमोजिम हुनेछ ।

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**गोकुलगंगा गाउँपालिका क्षेत्रकको जडिबुटी,कवाडी जीवजन्तु तथा फलफूल /तरकारीहरुको कर संकलनगर्न शर्तहरु:**

१। शुल्क लिने दररेट:- गोकुलगंगा गाउँपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ

२। विक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ_। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।

३। नेपाल सरकार वा गोकुलगंगा गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर , दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वंयले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

४। शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

५। विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरुको सहितको होडिङ्ग बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

६। ठेकका सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको सामाधान प्रचलित कानून बमोजिम हुनेछन् ।

७। तोकिएको म्याद भित्र ठेकेदारले गाउपलिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गोकुलगंगा गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले व्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल उपर गर्नेछ ।

८। गोकुलगंगा गाउँपालिकाले विक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाईनेछन ।

९। प्रचलित ऐन, बमोजिम ठेक्का शर्त तथा दररेटमा कुनै संशोधन भएका संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।